सिटिजन हेल्प डेस्क

अंक #२
फागुन, २०७३

# सिटिजन हेल्पडेस्क बुलेटिन

सिटिजन हेल्पडेस्क बुलेटिनको दोस्रो अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क' जिल्लाहरूमा समुदायलाई सहि सूचना प्रवाह गरी उनिहरूको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानिय युवा स्वयंसेवकहरू (Community Frontline Associates) ले नेतृत्व गरेको नागरिक अभियान हो। जसले, नागरिकहरूले स्थानिय स्तरमा भोगेका संवेदनशिल समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यसभित्रको यथार्थ पत्ता लगाएर सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र समुदायलाई सहि सूचना प्रवाह गरी उनिहरू बिचको अन्योलता हटाउनुका साथै समग्र सरकारी निर्णयलाई सहि दिशा दिन सहयोग गर्दछ।

## सवाल



### थुमपाखर, सिन्धुपाल्चोक

"मैले एजेण्ट लाई पासपोर्ट बुझाएको चार महिना भईसक्यो न त भिसा नै आउँछ, न त पासपोर्ट माग्दा नै दिन्छ। के गर्ने ?"

### महादेवस्थान, काभ्रेपलाञ्चोक

"मैले म्यानपावर कम्पनीको एजेण्टलाई पासपोर्ट बुझाएको थिएँ। अन्तर्वार्ता र मेडिकल पनि पास गरेँ। म अहिले विदेश जान सक्ने अवस्थामा छैन। मेरो पासपोर्ट फिर्ता दिनु भन्दा दिनुभएको छैन। के गर्ने ?"

## जवाफ

कानुन अनुसार कसैको पासपोर्ट कुनै पनि कम्पनी वा व्यक्तिले तिन महिनाभन्दा धेरै समय राख्न पाउँदैन।

यदि म्यानपावर कम्पनीले कसैको पासपोर्ट तिन महिना भन्दा धेरै समय राखेको हो भने त्यो गैह्र कानुनी हो। त्यसका लागि वैदेशिक रोजगार विभाग अथवा नजिकैको प्रहरी कार्यालयमा उजुरी दिन सकिन्छ।

तर, कसैले कुनै कारणवश अन्तर्वार्ता र मेडिकल पास गरीसके पश्चात विदेश जान चाहेन भने भिसा प्रक्रियामा लागेको खर्च सहित अन्य कानुन बमोजिमको रकम सम्बन्धित म्यानपावर कम्पनीलाई बुझाएर आफ्नो पासपोर्ट फिर्ता लिन सकिन्छ।

**रमा भट्टराई**
प्रवक्ता
नेपाल वैदेशिक रोजगार विभाग
९८५११९८०५६६

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
०१-४११०८३६/४११६६०१

# प्रश्न

**नलाङ, धादिङ**

"वैदेशिक रोजगारीमै हुँदा मेरो श्रीमानको मृत्यु भयो। वैदेशिक रोजगारीमा जानु अगाडी बिमा गरेको हुन्छ रे ! त्यो रकम कसरी पाउने ?"



**रालुकादेवि, नुवाकोट**

"वैदेशिक रोजगारमा जाँदा कसैको मृत्यु भएमा वा दुर्घटना भएर अंगभंग भएमा बिमा बापतको रकम कसरी लिन सकिन्छ ? त्यसको प्रक्रिया के होला ?"

# उत्तर

यदि भिसाको म्याद अवधिभित्रै कसैको विदेशमा मृत्यु या अंगभंग भएमा बिमा बापतको रकम फिर्ता लिन सकिन्छ।

बीमितले वैदेशिक रोजगार विभागमा निवेदन दिनु पर्दछ र वैदेशिक रोजगार विभागले, सो विभागबाट श्रम स्विकृती लिएर गएको हो भनेर वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा सिफारिस गरीदिन्छ र बोर्डले सम्बन्धित बिमा कम्पनीमा सिफारिस गरीसके पश्चात पीडितले क्षतिपुर्ति बापतको बिमा रकम पाउँछ।

बीमा दावि गर्न सकिने अवस्थाहरूः

१. बीमितको मृत्यु भएमा - यदि बीमितको मृत्यु नेपालमै भएमा बीमितको सूचिमा उल्लेखित सम्बन्धित बीमितको बीमांक रकम संगै काजकिरिया खर्च र बीमितको मृत्यु विदेशमा भएको अवस्थामा बीमांक रकम संगै कम्पनी सँगको सम्झौता अनुसार बाँकी रहेको समयावधीको तलब बराबरको रकम र काजकिरिया खर्च।

२. पुर्ण अशक्तता भएमा - यदि बीमित पुर्ण अशक्त भएमा बीमितको सूचिमा उल्लेखित सम्बन्धित बीमितको बीमांक रकम संगै कम्पनी सँगको सम्झौता अनुसार बाँकी रहेको समयावधीको तलब बराबरको रकम।

३. दुर्घटना भएमा - यदि बीमित दुर्घटनामा परेमा बीमितको सूचिमा उल्लेखित सम्बन्धित बीमितको बीमांक रकमको बढिमा १० प्रतिशत रकम।

**नेपाल वैदेशिक रोजगार विभाग**
०१-४७८२४५४

**उज्वल अर्याल**
दावि विभाग
नेपाल लाईफ ईन्स्योरेन्स कम्पनी
०१-४१६९०८२

# सवाल

## जिवनपुर, धादिङ

“के फ्रि भिसा फ्रि टिकट पहुँच भएका व्यक्तिहरूको लागि मात्र हो ?”

## कुम्पुर, धादिङ

“भन्ने बेलामा फ्रि भिसा फ्रि टिकट भन्छ, तर खाडिमुलुक जाँदा करिव एक लाख जति एजेण्टलाई बुझाउँदा पनि भर्पाई भने दश हजारको मात्र दिन्छ।”



## रबिओपि, काभ्रेपलाञ्चोक

“सरकारले फ्रि भिसा फ्रि टिकट भन्छ तर अहिले सम्म कोही पनि गएको देखिदैन। के हो खासमा यो ? फ्रि गर्न नसक्ने भएपछि किन फेरि सरकारले यस्तो सूचना प्रवाह गरेको।”

# जवाफ

२०७२ साल असार २१ गते देखि नेपाल सरकारले मलेसिया लगायत छ वटा खाडी मुलुकहरू साउदी अरब, कतार, युएई, कुवेत, ओमन, बहराईन र मलेसीया गरी सात वटा मुलुकहरूमा रोजगारीका लागि फ्रि भिसा फ्रि टिकट दिने निर्णय गरेको हो।क्ष

माथि उल्लेख गरीएका मुलुकहरूका कम्पनिहरूले कामदारहरूको माग अनुसार नेपाल सरकारबाट स्विकृत प्राप्त म्यानपावर कम्पनीहरूसँग सम्झौता गर्दछन्।

यी सातवटा मुलुकहरूमा जानको लागि भिसा र टिकटका बापत कुनै पनि रकम तिर्नु पर्दैन। तर म्यानपावर कम्पनीले प्रक्रियागत खर्च र सेवा शुल्क बापत जम्मा रु १०,००० (दश हजार) सम्म मात्र लिन पाउने प्रावधान छ। यदि कामदार माग गर्ने कम्पनिले म्यानपावर कम्पनीलाइ सेवा शुल्क दिएको छ भने सो रकम पनि कामदारले म्यानपावर कम्पनीलाई दिनु पर्दैन।

यति हुँदाहुँदै पनि म्यानपावर कम्पनीले सेवा शुल्क अत्यन्त कम भयो भनेर फ्रि भिसा फ्रि टिकट निर्णय आफुहरूलाई मान्य नहुने बताउदै आएका छन्। विदेश पठाइदिए बापत कम्तिमा पनि कामदारको एक महिनाको तलब आफुहरूले पाउनु पर्ने माग म्यानपावर कम्पनीहरूले राख्दै आएका छन्।

यदि कुनै म्यानपावर कम्पनीले यी मुलुकहरूमा जानको लागि बढी पैसा असुल गरेको छ भने, प्रमाण सहित वैदेशिक रोजगार विभागमा उजुरी दिन सकिन्छ र सो कुरा प्रमाणित भएमा नेपाल सरकारले कारबाही गर्दछ।

रमा भट्टराई
प्रवक्ता
नेपाल वैदेशिक रोजगार विभाग
९८५११८०५६६

# हल्ला

**कुम्पुर, धादिङ**

“सम्झौता अगाडी नै बनेका ३५ फिट लम्बाई र १६ फिट चौडाई भएका घरले अनुदान नपाउने हो ?”

**लिशंखु, सिन्धुपाल्चोक**

“भर्खरै नयाँ मापदण्ड आयो रे ! एकनाले बनेका घरले अब अनुदान नपाउने भन्ने हल्ला छ गाउँमा।”



# यथार्थ

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तय गरेको मापदण्डलाई शहरी विकास तथा भवन निर्माण विभागले कार्यान्वयन गर्दछ र त्यसै मापदण्डलाई आधार मानेर गाउँ-गाउँमा खटिएका ईन्जिनियरहरूले निरीक्षण गर्दछन्।

निरीक्षण गर्ने आधारभूत मापदण्डहरु निम्नानुसार छन्:

१. कम्तिमा पनि घरको चौडाई लम्बाईको एक तिहाई हुनु पर्ने।
२. घरको कोठाको क्षेत्रफल १४५ वर्गफिट भन्दा बढी नहुनु पर्ने। यदि गारोको घर हो भने भित्रिभागको क्षेत्रफल नापिन्छ भने पिलरको घर हो भने हरेक पिलरको केन्द्रबाट नापिन्छ।
३. गारोको घरले अरू मापदण्ड पुराएर पुग्छ तर, पिलर भएको घरको सन्दर्भमा कम्तिमा पनि ९ ओटा पिलर (एक वर्गफिटको) अनिवार्य हुनुपर्ने हुन्छ।

मापदण्ड आउनु भन्दा अगाडी कुरा स्पष्ट थिएन। तर, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पहिले नै सूचना जारि गरेको थियो। जस अनुसार, मापदण्ड तय गर्दा बनाईसकेका घरहरूले मापदण्ड पुरा गरेनन् भने उक्त घर हरू अनुदानको लागि योग्य हुने छैनन् भनेर उल्लेख गरिएको थियो।

अहिले गाउँ-गाउँमा ईन्जिनियरहरूले प्रथम चरणको निरीक्षण फारम भरेर पठाउदैछन्। जसमा एकनाले हो अथवा दुईनाले हो उल्लेख गरिन्छ।

एकनाले घरका सम्बन्धमा उजुरी संख्याको आधारमा सम्बोधन गर्नेगरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तयारी गर्दैछ।

**यमलाल भुषाल**
प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
९८४९६००६६०

**दिलिप भण्डारी**
डिभिजन प्रमुख
सहरी विकास तथा भवन निर्माण
डिभिजन कार्यालय, धादिङ
९८५१२०९३१४

**शिव प्रसाद भुषाल**
ईन्जिनियर
९८४७०८९९३८

# मेरो कथा – अनुभुती र भोगाई





## अर्जुन सापकोटा

### रबिओपी, कभ्रेपलाञ्चोक

रविओपी काभ्रेपलाञ्चोकका अर्जुन सापकोटा २०५९ मा आफ्नो नाममा रहेको घडेरी बेचेर पहिलो पटक मलेसिया गए। तर, दुई वर्षपछि रित्तो हात घर फर्किए। उनी गाउँमा बेरोजगार जस्तै थिए। दलालले उनलाई ईराकमा गए राम्रै कमाई हुने आशा देखायो। २०६३ सालमा सापकोटा ईराक जान तयार भए। फेरी पनि आफु सँग बाँकी भएको जग्गा बेचेर १ लाख ७० हजार रुपियाँ दलाललाई जिम्मा लगाएर भारतको बाटोहुँदै दशजना सहकर्मी सहित थुप्रै दिनको हिँडाई पश्चात कुवेतमा गएर रोकिए। जहाँ उनी पाँच महिना बन्दि जस्तै बसेर स्वदेश फर्किए। त्यस पछी पनि उनको वैदेशिक रोजगारको यात्रा रोकिएन, २०६५ देखि २०७१ सम्म छ वर्ष कतारमा बसे तर महिनाको छ सय कतारी रियालले खान बस्न ठिक्क भयो। फेरी पनि रितै हात घर फर्किए। हरेक पटक विदेश जाँदा लागेको ऋणको भार कम गर्ने बाध्यताको विकल्प नभेटेपछि उनी पटक पटक जोखिम मोलेर वैदेशिक रोजगारमा गईरहे। तर, उनी जस्तै हजारौँ नेपालीहरु सहि सूचना र परामर्शको अभावका कारण वैदेशीक रोजगारीको नाममा ठगिईरहेका छन्।

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- नेपाल सरकारबाट संस्थागत रुपमा वैदेशिक रोजगारका लागि खुल्ला गरिएका देशहरुको नामावली (Link)
- वैदेशिक रोजगारीमा जाँदा ध्यान पुऱ्याउनुपर्ने कुराहरु (Link)
- वैदेशिक रोजगारका लागि इजाजत प्राप्त म्यानपावर कम्पनीहरु (Link)
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुका लागि अत्यन्त जरुरी सूचना (Link)

यो अंकमा समेटिएका  हल्ला, सवाल र सूचनाहरु, जिल्लामा रहेर काम गरिरहेका CFA हरुले स्थानियसंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, संचार माध्यमहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीहरु बाट संकलन गरिएका हुन्। माघ १९ गतेदेखि फागुन १७ गतेसम्म ४ जिल्लाका करिव ५३५ जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व सान्दर्भिकता र तिव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्

**Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन।**

accountabilitylab

Local Interventions Group
data·driven development